आज मिति २०८० साल चैत्र महिना ०२ गते शुक्रबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको बैठक नं ४०-२०८०/०८१ मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति:**

| सि नं | नाम थर | पद | आवद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर डाङ्गी | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ्ग | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्य पालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री ठगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री चित्र बहादुर ढकाल | सचिब | नि.प्रमुख प्रशासकीय अधिकृत | |

सहजिकरण कर्मचारी

| | | | | |
|---|---|---|---|---|
| १ | श्री दिपक शर्मा | कम्प्युटर अपरेटर | प्रमुख सचिवालय | |

कार्यपालिका बैठक निर्णय प्रमाणित

**बैठक संख्या: ४०/०८०-८१, मिति २०८०/१२/०२ गतेको कार्यपालिका बैठकका निर्णयहरु:**

१. **"गुर्भाकोट नगरपालिकाको मध्यकालिन खर्च संरचना प्रतिवेदन २०८०"** मस्यौदा प्राप्त गरि यसको सैद्धान्तिक र ब्यबहारिक पक्षमा छलफल गरि उक्त प्रतिबेदन स्वीकार गरियो । यसको भुक्तानी प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

२. **"गुर्भाकोट नगरपालिकाको उपभोक्ता समिति दर्ता कार्यविधि २०८०"** मस्यौदा माथी बैठकमा छलफल भई उठान भएका राय सुझाबलाई समेटी उक्त कार्यविधि स्वीकृत प्रदान गर्ने ।

३. यस नगरपालिकाको प्रशासनिक भवन निर्माणको जग्गा प्राप्तिको लागि विभिन्न चरणहरु पुरा गरी जग्गाको मुआब्जा निर्धारण समिति सुर्खेतको मिति २०८०/११/१८ को निर्णय बमोजिम प्राप्त दररेटलाई समर्थन गर्ने । उक्त दररेट अनुसार जग्गाधनीलाई निजहरुको बैक खातामा मुआब्जा रकम भुक्तानी दिन नगरकार्यपालिका कार्यालयलाई निर्देशन दिने । भुक्तानी पूर्ब नगरपालिकाको नाममा जग्गा दाखा नामसारी लिने प्रयोजनका लागि चित्र ढकाललाई प्रतिनिधी तोकी पठाउने । साथै उक्त खरिद प्रकृयामा लागेको प्रशासनिक खर्च उपयुक्त शिर्षकबाट उपलब्ध गराउने ।

४. यस नगरपालिका वडा नं. ८ को साविक वडा कार्यालय भवन लिलाम विक्रिका लागि विभिन्न मितिमा सूचना प्रकाशित गरिएकोमा कुनैपनि आवेदन नपरेको हुँदा उक्त भवनलाई भत्काई भवनमा रहेका काठपात इट्टा अन्य सामाग्रीहरु सुरक्षितका साथ राख्न हाल ८ नं. वडा कार्यालयको संरक्षणमा रही प्राङ्गनमा राख्न नगर कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने । साथै उक्त भवन भत्काउन प्राविधिक स्टिमेट अनुसार ७ दिने शिलबन्दी कोटेशन आवह्वान गर्ने र सो को भुक्तानी विविध खर्चबाट उपलब्ध गराउने ।

५. यस नगरपालिका वडा नं. ४ वस्ने डिल्ली बहादुर खत्रीले मिति २०८०।११।२२ गते घरमा पालेका ३ वटा वाख्रा (वोयर जातका) मरेकोले राहतको लागि निवेदन पेश गरेकोले निजलाई राहत स्वरुप रु. १५,०००।- रकम विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

६. यस नगरपालिका वडा नं. ८ बस्ने टहलसिं कामीले मिति २०८०।१२।०१ गतेका दिन गोठमा आगलागि भइ क्षति भएको भनि राहतको लागि निवेदन पेश गरेकोले निजलाई राहत स्वरुप रु. १०,०००।- रकम विपद् व्यवस्थापन शिर्षकबाट उपलब्ध गराउने ।

७. गुर्भाकोट खानेपानी आयोजना संस्था वडा नं. २ लाई मुहान दर्ता तथा जलश्रोत कार्यविधि २०७५ बमोजिम संस्था दर्ता गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

८. सृजना प्रा.वि. गुर्भाकोट ७ श्रीवानीमा शौचालय जिर्णभइ जोखिम रहेकोले मर्मत सम्भारको लागि रु. १,१०,०००।- रकम विद्यालय पूर्वाधार सुधार तथा मर्मत शिर्षकबाट उपलब्ध गराउने ।

९. यस नगरपालिकामा कार्यारत सब इन्जिनियर पुजा थापाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को को कार्यालय कर्णाली प्रदेशको च.नं. २०८०।११।०६ गतेको पत्रानुसार वैदेशिक अध्ययन/छात्रवृतिमा मनोनयनका लागि सिफरिस पाउँ भनि माग गरेकोले सोही बमोजिम निजलाई वैदेशिक अध्ययनको लागि सिफारिस गर्ने ।